<u>बैठक संख्या : ९३/२</u>

आज मिति २०७९।०८।११ गते आइतबार विहान ११:०० बजे बेलबारी नगरपालिकाका नगर प्रमुख श्री दिल प्रसाद राईज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको तपशिल बमोजिमका पदाधिकारी र सदस्यहरूको उपस्थितिमा बैठक बस्यो ।

तपशिल

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दिल प्रसाद राई | प्रमुख | [signature] |
| २ | श्री नितु थापा | उपप्रमुख | [signature] |
| ३ | श्री मणी पुलामी थापा मगर | सदस्य | [signature] |
| ४ | श्री कृष्ण बहादुर गुरुङ | सदस्य | [signature] |
| ५ | श्री योगेन्द्र प्रसाद सुवेदी | सदस्य | [signature] |
| ६ | श्री चन्द्र बहादुर लिम्बु | सदस्य | [signature] |
| ७ | श्री डिल्ली बहादुर कटुवाल | सदस्य | [signature] |
| ८ | श्री टेक बहादुर राई | सदस्य | [signature] |
| ९ | श्री सुनिता चौधरी | सदस्य | [signature] |
| १० | श्री धनपती गौतम | सदस्य | |
| ११ | श्री सालिग्राम बस्नेत | सदस्य | [signature] |
| १२ | श्री गंगा बहादुर याख्खा | सदस्य | [signature] |
| १३. | श्री बिक्रम राई | सदस्य | [signature] |
| १४ | श्री पार्वती बस्नेत गौतम | सदस्य | [signature] |
| १५ | श्री रिता राजवंशी | सदस्य | [signature] |
| १६ | श्री भिम कुमारी गुरुङ | सदस्य | [signature] |
| १७ | श्री सन्च माया लिम्बु | सदस्य | [signature] |
| १८ | श्री निलम कुमारी राई | सदस्य | [signature] |
| १९ | श्री बद्री नारायण मण्डल | सदस्य | [signature] |
| २० | श्री जाँच मान याक्खा राई | सदस्य | |
| २१ | श्री विजय तोलाङ्गी | सदस्य | |
| २२ | श्री गणेशराज कार्की | सचिव | [signature] |
| | अन्य कर्मचारीहरू | | |
| १ | महेन्द्र खड्का | अधिकृत आठौ | [signature] |
| २ | धनमाया राई | लेखा अधिकृत | [signature] |
| ३ | झमक भट्टराई | अधिकृत छैठौं | [signature] |
| ४ | कृष्ण न्यौपाने | एम.आई.एस अपरेटर | [signature] |
| ५ | दिनेश खड्का | स.कम्प्युटर अपरेटर | [signature] |
| ६. | केशव प्रसाद आचार्य | नगर प्र.से.स. | [signature] |

**प्रस्तावहरू**

१. अघिल्लो बैठकको समिक्षा र अनुमोदन सम्बन्धमा ।

२. म्याद थप सम्बन्धमा।
   -वडा कार्यालयहरु
   -१५ शैयाँको अस्पताल
   -प्रशासनिक भवन

३. कार्यविधिहरु सम्बन्धमा ।
   -टोल विकास संस्था व्यवस्थापन
   -नीजि वन दर्ता/व्यवस्थापन

४. निर्माण इजाजत प्रदान गर्ने सम्बन्धमा ।

५. आय ठेक्का बन्दोबस्त अनुमोदन सम्बन्धमा ।

६. V.O सम्बन्धमा ।

७. फोहोरमैला व्यवस्थापन RFP सम्बन्धमा ।

८. हालसम्म भएका कार्यहरुको जानकारी तथा अनुगमन सम्बन्धमा।

९. ठेक्का बन्दोबस्त सम्बन्धमा ।

१०. कल्भर्ट निर्माण(१०,८,९,६) सम्बन्धमा ।

११. प्रहरी चौकी मर्मत(वडा-७) सम्बन्धमा ।

१२.कृषि तालिम केन्द्र मर्मत गर्ने निर्णय सम्बन्धमा ।

१३.सुनुवार सेवा समिति सम्बन्धमा ।

१४.विद्यालय कर्मचारी/सहयोगी अनुदान।

१५.मेलमिलाप कर्ताको नामावली अनुमोदन।

१६.भगवती मा.वि. सँग सम्झौता।

१७.राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम सञ्चालन।

१८.विविध ।
   क. अनुगमन ।
   ख. सहकारी दर्ता ।
   ग. स्थायी प्रहरी चौकी सिफारीस ।
   घ. ओकेटोके ।
   ङ. अध्ययन समितिको प्रतिवेदन ।
   च. नगर अस्पताल फार्मेसी ।
   छ. सुकुम्वासी भवन स्थानान्तरण अनुदान सहयोग ।
   ज. पार्कीङ व्यवस्थापन ।
   झ. विशेषज्ञ सेवा ।
   ञ. विद्युतिय सवारी साधन ।
   ट. सुरक्षा ईकाईहरूलाई ईन्धन सहयोग ।
   ठ. कर्मचारीलाई ईन्धन तथा मर्मत सुविधा ।
   ड. बेलबारी नगर अस्पताल ।
   ढ. परामर्श सेवा सम्बन्धि नम्स तथा दररेट ।
   ण. शवदाहा घाट सम्बन्धमा ।
   त. समपुरक / विषेश अनुदान ।
   थ. रकमान्तर ।

निर्णयहरू

निर्णय नं.१: मिति २०७९।०५।३१ गते सम्पन्न कार्यपालिका बैठकले गरेका निर्णयहरूको कार्यान्वयन अवस्था देहाय बमोजिमको चरणमा रहेको पाईयो ।

देहाय

| क्र.स. | निर्णय नं. | मुल विषय | कार्यान्वयनको अवस्था | कैफियत |
|---|---|---|---|---|
| १. | २ | भवन संहिता कार्यान्वयन सम्झौता | सम्झौता भई कार्यान्वयन हुँदै गरेको । | |
| २. | ४ | दीर्घ रोगीका लागि मासिक सुविधा | बैंक मार्फत भुक्तानी हुँदै गरेको । | |
| ३. | ५ | नगर क्षेत्रभित्र विना अनुमति निर्माण भईरहेका घर संरचनाहरुको नियमित अनुगमन | कार्य प्ररम्भ भएको । | |
| ४. | ६ | बेलबारीमा वेल | कार्यान्वयन भएको । | |
| ५. | ७ | Bio Engineering | वाँस रोप्ने समय वितेका कारण कार्य नभएको। | |
| ६. | ८ | उर्जा प्रवर्द्धन | वडाका लागि सूचना प्रकासनको चरणमा रहेको | |
| ७. | ९ | सूचना प्रकासन | प्रशासनिक भवन बाहेक अन्य सबैको भएको । | |
| ८. | १० | मेकानिकल ईन्जिनियर | सेवा खरिद भएको । | |
| ९. | ११ | कार्यालय सहयोगी कर्मचारी र नव निर्मित वडाहरूमा सुरक्षा प्रबन्ध । | कार्यान्वयन भएको । | |
| १०. | १२ | वाईफाई जडान गरी वैकल्पिक शिक्षा प्रणाली | प्रति स्पट जडान र वार्षिक व्यवस्थापन खर्च रु. १८,०००।– का दरले विद्यालयको क्षेत्राधिकारका आधारमा विद्यालयलाई अनुदान रकम प्रचलित कानून बमोजिम खर्च गर्न निकासा गरिएको । | |
| ११. | १३ | अख्तियार दुरूपयोग आयोगको | सम्बन्धित व्यक्ति र बेलबारी बहुमुखी क्याम्पसलाई पत्र पठाईएको । | |
| १२. | १४ | संस्था दर्ता | भएको । | |
| १३. | १७ | वार्षिक समिक्षा | दशौं, तिहार र निर्वाचनका कारण समिक्षा स्थागित भएको । | |
| १४. | १८ | सार्वजनिक सुनुवाई | दशौं, तिहार र निर्वाचनका कारण समिक्षा स्थागित भएको । | |
| १५. | २० क | सिँचाई बाँधका सम्बन्धमा | पठाईएको । | |
| १६. | २० ख | बेलबारी नगर अस्पतालका लागि चालु खर्च शिर्षकमा बजेट खर्च गर्ने अख्तियारी | जानकारी पठाईएको । | |
| १७. | २० ज | टेलिकमलाई जग्गा | निर्णयको जानकारी गराइएको । | |
| १८. | २० झ | कसैको स्वभाविक वा अस्वभाविक मृत्यु भई जातिय परम्परा अनुसार काजकृया समेत गर्न नसक्ने परिवारजनलाई काजकृया खर्च | कार्यान्वयनको चरणमा रहेको । | |
| १९. | २० ञ | दस्तुर लिने/नलिने सम्बन्धमा | कार्यान्वयनको चरणमा रहेको। | |

निर्णय नं. २: बेलबारी नगरपालिकाले देहाय बमोजिम योजना सञ्चालनमा रहेको र उक्त योजना सम्झौता बमोजिमको समयमा सम्पन्न नहुने भएकाले देहाय बमोजिम म्याद थप्ने निर्णय गरियो ।

| क.स. | नाम | कार्य सम्पन्न गर्नुपर्ने मिति | कार्य सम्पन्न गर्नुपर्ने अन्तिम मिति | म्याद थप गर्नुपर्नका कारण | कैफियत |
|---|---|---|---|---|---|
| १ | वडा कार्यालयहरु | २०७९।०६।३० | २०७९।१२।३० | वडा नं. २ र ११ मा नगरपालिकाले भवन निर्माण गरिने जग्गा व्यवस्थापन समयमा नगरेको हुनाले म्याद थप गर्नुपरेको । | श्री श्रृङ्खला निमार्ण सेवा |
| २ | १५ शैयाँको अस्पताल | २०७९।०७।०९ | २०७९।१२।३० | जग्गा छुट्याउने कार्यमा विवाद उत्पन्न भई ढिला हुन गएको र समयमा संघीय सरकारबाट रकम निकासा हुन नसकेको । | श्री श्रृङ्खला निमार्ण सेवा |
| ३ | प्रशासनिक भवन | २०७९।०४।२० | २०७९।०८।२५ | लिप्ट लगाउने विषय र पहिले नै लगाई सकिएका ढोकाहरूको भुक्तानी सम्बन्धमा नगरपालिका र ठेकेदार पक्षविच नयाँ सामाग्रीहरुको प्रति ईकाई मूल्य रकम कायम गर्ने सम्बन्धमा सहमती कायम हुन समय लागेको । | स्वामिनारायण/एच एम जे भी |
| ४ | संगठन तथा व्यवस्थापन सर्वेक्षण | २०७९।०८।१२ | २०७९।०९।१२ | दशै, तिहार र निवार्चनका कारणले पालिकाबाट गर्नुपर्ने काम समयमा गर्न नसकिएको । | गभर्नेन्स डेभलोपमेन्ड एण्ड रिसर्च कन्सल्टेन्सी प्रा लि |
| ५ | भु-उपयोग योजना तर्जुमा | २०७९।०८।१५ | २०७९।०९।१५ | दशै, तिहार र निवार्चनका कारणले पालिकाबाट प्रदान गर्नुपर्ने नापी विभागको नक्सासिट समयमा प्राप्त गर्न नसक्नु । | पिकासो कन्सल्टेन्ट प्रा.लि. |
| ६ | सास्कृतिक कार्यक्रम | २०७९/०६/३१ | २०७९/०८/२० | कार्यक्रम समयमा सम्पन्न भएको तर संस्थाको आ.व. २०७८/०७९ को करचुक्त नभएको हुँदा भूक्तानीमा ढिलाई भएको । | संयुक्त खस क्षेत्री नेपाल नगर समिति बेलबारी |
| ७ | कयर खोला रैझार RCC पुल निर्माण बेलबारी ८ | २०७९/०८/११ | २०८०/०१/३० | जमिन मुनी जग खन्ने कार्य गर्दा अस्वभाविक प्राविधिक जटिलता भएका कारण / स्थानीय विवादका कारण समयमा काम हुन नसकेको । | मालिका/एचटिसी जे.भि. |

**निर्णय नं. ३**ः विधायन समितिबाट सिफारीस भई आएका देहाय बमोजिमको कार्यविधि खारेज तथा स्वीकृत गर्ने निर्णय गरियो ।

| क.स. | कार्यविधि | कैफियत |
|---|---|---|
| १ | बेलबारी नगरपालिका टोल विकास संचालन कार्यविधि २०७४ | खारेज |
| २ | बेलबारी नगरपालिका टोल विकास संचालन कार्यविधि २०७९ | स्वीकृत |
| ३ | बेलबारी नगरपालिका नीजि वन दर्ता/व्यवस्थापन कार्यविधि २०७९ | स्वीकृत |

**निर्णय नं. ४:** "घ" वर्गको निर्माण ईजाजतका लागि श्री ईन्द्रेणी कन्स्ट्रक्सन प्रा.लि, बेलबारी १० ले दिएको निवेदन बमोजिम बेलबारी नगरपालिका निर्माण व्यवसायी ईजाजत व्यवस्थापन कार्यविधि २०७५ को दफा ३ बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५:** बेलबारी नगरपालिकाबाट आन्तरिक आय तथा स्रोत असुलीका लागि विभिन्न समयमा गरिएको देहाय बमोजिमको ठेक्काहरू स्वीकृत/ अनुमोदन गर्ने निर्णय गरियो ।

देहाय

| क्र.स | ठेक्काको नाम | ठेक्का नं. | न्यूनतम अंक रु. (मु.अ.कर बाहेक) | ठेक्का रकम (मु.अ.कर बाहेक) | ठेक्का प्राप्त गर्ने फर्म/ कम्पनि |
|---|---|---|---|---|---|
| १ | किर्तीमान भाउन्ने आमतोला सडक | BM/MOR/S/NCB-02-2078/79 | ३०,००,०००/- | ३५,३४,४४४/- | श्री लाबा कन्सष्ट्रक्सन |
| २ | लोहन्द्रा खोलाबाट श्रम जन्य प्रविधि / प्रकृयाबाट मात्र खोलाजन्य पदार्थ उत्खनन, संकलन तथा विक्री गर्ने कार्य | BM/MOR/G/NCB-01-2079-080 | १,२४,६०,४७२.१६ | १,९३,८०,५३१/- | श्री बेल्ली रियल स्टेट प्रा.लि. सुन्दरहरैंचा |
| ३ | चिसाङ खोलाबाट श्रम जन्य प्रविधि / प्रकृयाबाट मात्र खोलाजन्य पदार्थ उत्खनन, संकलन तथा विक्री गर्ने कार्य | BM/MOR/G/NCB-02-2079-080 | १,५८,९४,०००/- | २,८७,६१,०८०/- | श्री बेल्ली रियल स्टेट प्रा.लि. सुन्दरहरैंचा |
| ४ | बेलबारी नगरपालिकाको साप्ताहिक (वडा नं. ४, ५, ६, ७, ८, ९, १० र ११ मा लाग्ने) हाट बजार कर असुली | BM/MOR/S/SQ-02-2078/79 | ७,००,०००/- | ७,००,१०१/- | श्री बेतना कन्सष्ट्रक्सन एण्ड सप्लायर्स |
| ५ | बेलबारी नगरपालिका वडा नं. ३ मा लाग्ने मवेशी हाटको पशु हाटबजार कर असुली | BM/MOR/S/NCB-01-2078/79 | १५,००,०००/- | १५,००,०००/- | श्री सुवेदी ब्रदर्श निर्माण सेवा । |
| ६ | बेलबारी–१ मा लाग्ने सोमबारे र बेलबारी - २ मा लाग्ने शुक्रबारे हाटकर संकलन<br>सिशौबारी फडानी भलुवा लोहन्द्रा खोला बेलबारी सडक स्थानीय पूर्वाधार शूल्क<br>कवाडी शूल्क असुली<br>पार्किङ शुल्क असुली (मालपोत र नापी क्षेत्र) | BM/MOR/S/SQ-01-03-04-05-2078/79 | ११,५०,०००/- | ११,५१,०००/- | श्री लाबा कन्सष्ट्रक्सन |

**निर्णय नं. ६:** बेलबारी नगरपालिकाको प्रशासनिक भवनमा लिफ्ट निर्माणका क्रममा सामाग्री थप गर्ने गरी र अन्य सन्दर्भमा काम गर्ने गरी पेस भएको भेरियसन देहाय बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

देहाय

| सि.नं. | V.O गर्नुपर्ने आइटमहरु | साविकको आइटम परिमाण | थप गर्नुपर्ने कारण | थप गर्नुपर्ने नयाँ आइटमको परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| १. | Supplying, Making and fixing of ACP Board to cover lift from all side all complete as per instruction of site Engineer | 110.43 Sqm | लिफ्टको प्रवेशद्वारको दायाँबाया थप गर्नुपर्ने भएकोहुँदा । | 50 Sqm | साविकको आइटममा सम्झौता बमोजिमको दररले V.O. प्रदान गर्ने नयाँ आइटमको हकमा नयाँ सामाग्रीको लागत अनुमानमा ठेक्का सकार गरेको बखतमा कार्यालयको लागत अनुमानमा जति प्रतिशतले घटी कबोल गरेको छ सोहि प्रतिशत लागत अनुमानमा घटाई प्रति इकाई दर निर्धारण गरी V.O. गर्ने । |
| २. | Providing, Supplying of 90 cm height stainless Steel Railing of any shape for staircase & Varanda including supplying of materials 50 mm Handrail pipe, 40mm vertical vertical post, 75 mm Boluster & 20 mm dia. Stainless steel three line horizontal pipe, cutting, bending, welding & fixing with nut bolts, nail etc., all complete as per drawing, specification & approval of engineer. | 46 RM | अपुग भएको । | 5 RM | |
| ३. | Supply and fixing of 10mm 2 coper wire for main DB to sub DB of each Blocks | 225 RM | मेन डिवि बक्स देखी सव डिवि बक्ससम्म तार अपुग भएको । | 135 RM | |
| ४. | Providing, supplying and applying Indian Glaze and Non Glaze tile of toilet/bathroom in external wall surfaces, etc at any level, finished smooth including supplying of materials, labor, watering, preparation of base, etc., as per drawing, instruction and approval of engineer & approval of engineer all complete. | 624.364 Sqm | लिफ्ट र प्यासेज बिचको प्रवेशमार्गमा प्रयोग गरिएको । | 38 Sqm | |
| ५. | Providing and laying 16 mm thick plain Marble of approved shape and size in 1:100 slope on concrete screed (1:2:4) including filling the joints with white cement etc as per specification & instruction of engineer all complete | 63.892 Sqm | | 55 Sqm | |
| ६. | Supplying, Making and fixing of 38 mm thick well seasoned Commercial Ply for paneled Shutter, 19 mm and 6mm ply for chaukhats with Formica finishing both sides for Doors including necessary 6" & 8" size towerbolts, 4" size hinges, locking set, stopper, handle, nails, screws, labor, etc as per drawings, specification and instruction of Engineer all complete. | 0 | ठेक्का बन्दोबस्त गर्दा भवनमा सखुवाको पल्ला डिजाइन भएकोमा निर्माणको क्रममा दुबै तर्फ फर्माइका लगाई कमर्सियल प्लाईको ढोका मितव्यायीताका लागि लगाइएको । | 172 Sqm | |

**निर्णय नं. ७:** बेलबारी नगरपालिका भित्र फोहोरमैला व्यवस्थापनका लागि सार्वजनिक नीजी साझेदारीको माध्यमबाट व्यवस्थापन गर्ने गरी यस अघि भएको निर्णयका आधारमा EoI विद्युतिय माध्यमबाट प्रकासन गरी तोकिएको म्याद भित्र परेका आशयपत्रहरूको रित पूर्वक मूल्याङ्कन गर्दा छनौट भएका सबै आशयपत्रदाताहरूसँग प्रचलित कानुन बमोजिम देहायका मुल विषय समेटी RFP माग गर्ने गरी स्वीकृतका पेस भएको RFP लाई स्वीकृत गर्ने निर्णय गरियो ।

देहाय

फोहोरमैला व्यवस्थापनको कार्यसञ्चालनका लागि तोकिएको अवधि सम्म तोकिए बमोजिम सार्वजनिक नीजि साझेदारीमा सञ्चालन गर्न नीजि क्षेत्रसँग सम्झौता भए पश्चात तत्कालैबाट सेवाग्राहीहरूको घरघरबाट रकम संकलन गर्न समयलाग्ने भएको हुँदा देहायमा उल्लेख भए बमोजिम दिगो कार्यको व्यवस्थापन सहयोग अनुदानको रूपमा देहायमा उल्लेख भएको प्रतिशतका

आधारमा (मु.अ. कर बाहेक ३,९८,८९०/- को) पाँच महिनासम्म सहयोग प्रदान गरिनेछ । यस्तो सहयोग प्रदान गरिने अवधि भरी प्रस्तावदाताले कबोल गरेको बढीमा पचास हजार सम्मको मासिक रकम प्रदान गरिने छैन । माथि उल्लेखित मु.अ. कर बाहेक ३,९८,८९०/- नगरपालिकाले हाल गरिरहेको फोहोरमैला व्यवस्थापनको मासिक खर्चलाई आधार मानि लागत अनुमानको रुपमा स्वीकार/स्वीकृत गरिएको छ र मासिक प्रदान गरिने पचास हजार नगरपालिकाले गरेको आन्तरिक अध्ययनको आधारमा तय गरिएको ।

देहाय

| | | |
|---|---|---|
| पहिलो महिना | १०० प्रतिशत (मु.अ. कर बाहेक) | पाँच महिना सम्म प्राप्त हुने यस प्रकारको दिगो कार्यका लागि व्यवस्थापन सहयोग अनुदान प्राप्त हुँदा बखतमा प्रस्तावदाताले पेस गरेको कबोल वापतको रकम पाउनेछैन । |
| दोस्रो महिना | ९० प्रतिशत (मु.अ. कर बाहेक) | |
| तेस्रो महिना | ७५ प्रतिशत (मु.अ. कर बाहेक) | |
| चौथो | ६० प्रतिशत (मु.अ. कर बाहेक) | |
| पाँचौ | ५० प्रतिशत (मु.अ. कर बाहेक) | |
| छैठौं | स्वीकृत कबोल रकम बमोजिमको (मु.अ. कर बाहेक) ५०,००० भन्दा न्यून । | |

नोटः प्रस्तावदाताले स्वीकृत भएको रकम वार्षिक रूपमा तेह्र महिनाको उपलब्ध गराईनेछ । फोहोरमैला व्यवस्थापनमा कार्यगर्ने कर्मचारीहरूको अनिवार्य स्वास्थ्य विमा गर्नुपर्नेछ । सोका लागि नगरपालिकाले बढीमा वार्षिक रूपमा एक लाख वा जनही तीन हजार पाँच सयका दरले हुन आउने रकम जुन कम हुन्छ सो उपलब्ध गराउनेछ । त्यसका लागि विमालेख पेस गर्नुपर्नेछ ।आ.व. भरी फोहोरमैला व्यवस्थापन गर्ने क्षेत्र भित्र वेवारीसे पशु चौपायाको मृत्यु भएमा सो को व्यवस्थापनका लागि थप वार्षिक रु. १,००,०००।— उपलब्ध गराइनेछ । फोहोमैला व्यवस्थापनको क्षेत्राधिकार भित्रको बढीमा १५ कि.मि. ढल बर्षमा १ पटक सफा गरी निस्कने फोहोरहरु व्यवस्थापन गरे वापत वार्षिक रुपमा थप (मु.अ. कर बाहेक) रु. ४,००,०००।— उपलब्ध गराइनेछ साथै देहायका सडकहरु दैनिक रुपमा सफा गर्नुपर्नेछ ।नगरपालिकाको ट्रिफर भाडामा लिन चाहेमा सम्पूर्ण मर्मत प्रस्ताब दाताले नै गर्ने गरी मासिक रू ३०,०००/- भाडा बापतको रकम लिई भाडामा दिन सक्नेछ । उक्त ट्रिफर भाडामा लिएमा ईन्धन, मर्मत र सवारी चालकको सुविधा वापतको रकम सेवा प्रदायकले नै व्यहोर्नु पर्नेछ ।

देहाय

१. बेलबारी नगरपालिका वडा नं. १,२ र ३ का ढलसहितका मुल सढकहरू दैनिक/साप्ताहिक/पाक्षिक रूपमा आवश्यकता र औचित्यका आधारमा सफा गर्नुपर्नेछ ।

२. अन्य मूल सडकहरू ।

*नोटः नगरपालिका, वडाकार्यालयहरु र सरकारी स्वास्थ्य इकाईहरुबाट सेवा शुल्क लिन नपाउने गरी सूचना प्रकाशन गर्ने ।*

**निर्णय नं. ८:** नगर प्रमुख/उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतस्तरबाट स्वीकृत भई स्वीकृत भई सम्झौताको चरणमा रहेका, सम्झौता भएका, सञ्चालन भएका/सञ्चालनमा रहेका र भुक्तानी भईसकेका देहायका योजनाहरूलाई स्वीकृत / अनुमोदन गर्दै देहायका कार्यक्रमहरूलाई समेत स्वीकृत / अनुमोदन गर्ने निर्णय गरियो ।

| क्र.स. | माग गर्ने संस्था / निकाय/ व्यक्ति | विषय | पालिकाबाट प्रदान गरेको / गरिने रकम रु. | खर्च शीर्षक (नगर विकास योजना) | कैफियत |
|---|---|---|---|---|---|
| १ | मोरङ नेत्रहिन संघ बेलबारी ३ | विश्व सेतो छडी सुरक्षा दिवस | ४०००० | १५९ | |
| २ | वालकुमार गुरुङ, | बेलबारी गितको भिडियो छायाङ्कन | १००००० | १५९ | |
| ३ | We Can हामी सक्छौं | हरीबोधनी एकादसी साँस्कृतिक कार्याक्रम | १००००० | १५९ | |
| ४ | रैझार आदर्श एकता समाज | हरीबोधनी एकादसी साँस्कृतिक कार्यक्रम | १००००० | १५९ | |
| ५ | थारू कल्याणकारिणी सभा नगर समिति बेलबारी | नगर स्तरिय समा चखेवा कार्याक्रम | १००००० | १५९ | |
| ६ | बेलबारी बहुमुखी क्याम्पस | अध्ययन अवलोकन भ्रमण थप रकम | ५०००० | १५९ | |

| क.स. | माग गर्ने संस्था / निकाय/ व्यक्ति | विषय | पालिकाबाट प्रदान गरेको / गरिने रकम रु. | खर्च शीर्षक (नगर विकास योजना) | कैफियत |
|---|---|---|---|---|---|
| ७ | श्री लक्ष्मी माध्यमिक विद्यालय | शैक्षिक अवलोकन भ्रमण | ४०००० | १५९ | |
| ८ | श्री महेन्द्र माध्यमिक विद्यालय, बेलबारी १० | शैक्षिक अवलोकन भ्रमण | ३५००० | १५९ | |
| ९ | श्री सुकुना बहुमुखी क्याम्पस विविए तेस्रो सेमेस्टर | शैक्षिक अवलोकन भ्रमण | २५००० | १५९ | |
| १० | श्री सुकुना बहुमुखी क्याम्पस विए तेस्रो वर्ष | शैक्षिक अवलोकन भ्रमण | १५००० | १५९ | |
| ११ | श्री धिरनाथ सम्फुल विश्वास माध्यमिक विद्यालय | शैक्षिक अवलोकन भ्रमण | ४०००० | १५९ | |
| १२ | धिमाल जातिय विकास केन्द्र नगर समिति बेलबारी | धिमाल महापुराण स्तरीय फुटबल प्रतियोगिता | १००००० | १४६ | |
| १३ | डाँगिहाट युथ क्लब बेलबारी ११ | पाँचौ अन्तराष्ट्रिय आमन्तरण गोल्ड कप २०७९ | २५००००० | १४६ | |
| १४ | बेलबारी भलिवल टिम बेलबारी | अध्यक्ष कप पुरूष भलिवल प्रतियोगितामा सहभागीता झापा | ५०००० | १४६ | |
| १५ | अन्जन राई | उपचार सहयोग | ५०००० | १४६ | फुटबल खेलाडी |
| १६ | बेलबारी क्रिकेट क्लब | प्रथम बेलबारी प्रिमियर लिग | १५०००० | १४६ | |

**निर्णय नं. ९:** बेलबारी बहुमुखी क्याम्पसको प्रशासनिक भवन निर्माणका लागि एक करोड रूपैंया प्रदेश सरकारबाट आ.व. २०७९/८० का लागि समपुरक अनुदान अन्तर्गत स्वीकृत भएको । उल्लेखित रकमबाट बेलबारी बहुमुखी क्याम्पसको भरखरै निर्माण सम्पन्न भएको मुल भवनको दोस्रो तल्लामा थप गर्न कार्य अगाडि बढाउन माग भई आएको । उल्लेखित भवनको प्रविधिकद्वारा प्राविधिक परीक्षण गरी / गराई तल्ला थप गर्न सकिने गरी स्टक्चर ईन्जिनियरको प्रतिवेदन प्राप्त भएमा मात्र उल्लेखित स्थानको माथिल्लो तल्लामा एक तल्ला प्रशासनिक भवनको रूपमा (स्रोतको आधारमा) थप गर्ने र समपुरक अनुदानको थप ३० प्रतिशत रकम क्याम्पसले नै व्यहोर्ने गरी क्याम्पस प्रशासनको समन्वयमा ड्रईङ, लागत अनुमान तयार / स्वीकृत गरी विद्युतिय माध्यमाबाट खरिद प्रकृया अगाडी बढाउन निर्देश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०:** बेलबारी नगरपालिका विभिन्न वडाहरूमा बाटोमा कल्भर्ट नभएको र भत्केको कारणले सार्वजनिक साधनको संञ्चालनमा कठिनाई भइ नागरिकको दैनिक जीवन यापनमा समस्या परेको हुँदा नगर प्रमुख एवं नगर उपप्रमुख ज्यूको निरिक्षण/अनुगमनबाट देखिएकाले स्रोत व्यवस्थापन गरी देहायका वडामा विद्युतिय माध्यमबाट बोलपत्रको माध्यमबाट कल्भर्ट निर्माण गर्न खरिद प्रकृया अघि बढाउने निर्णय गरियो ।

| क.स. | वडा नं. | स्थान | कैफियत |
|---|---|---|---|
| १ | ७ र ८ को सिमा | गलय डाँडा (गयल खोलामा) | |
| २ | १० | नारायणचौक पश्चिम, चिसाङ भङ्गालो | |
| ३ | ९ र ६ | सोमबारे चोक ९ र ५ नं. जोड्ने दुधाहा खोला | |
| ४ | ८ | जनता माध्यमिक विद्यालय, राधानगर गेट अगाडि पैनी | |
| ५ | ८ | धिमाल टोल (झोडा खोलाको पैनी) | |

**निर्णय नं. ११:** बेलबारी वडा नं. ७ मा रहेको प्रहरी चौकीको भवन अत्यन्त जिर्ण भई पानि चुईने जसले गर्दा सुरक्षा व्यवस्थापनमा खटिने सुरक्षा कर्मीहरूलाई बस्न एवं हातहतियारको सुरक्षा गर्न कठिनाई भएको हुँदा प्राविधिक परीक्षण गरी पानी नचुहने गरी मर्मत

सम्हारको लागी माग भए बमोजिम देहाय बमोजिमको प्रविधि मार्फत मर्मत तथा गर्ने स्रोत नगर विकास योजनाको व.शि.नं. ३९६ मर्मत सम्भार कोषबाट व्यवस्थापन गर्ने निर्णय गरियो ।

क. स्कृडीङ वा ट्रस्ट लगाउने ।

**निर्णय नं. १२:** बेलबारी ७ मा रहेको कृषि सेवा केन्द्रको भवन जिर्ण भई प्रयोग विहिन भएकोहुँदा उक्त भवन मर्मत गरी कृषि तालिम केन्द्रको रुपमा विकास गरी संचालनमा ल्याउने उक्त कृषि सेवा केन्द्रको भवनको मर्मत लागत अनुमान तयार गरी नगर विकास योजनाको व.शि.नं. ३९६ मर्मत सम्भार कोषबाट खर्च गर्ने गरी मर्मत सम्भार गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३:** नगर प्रमुख/उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतस्तरबाट स्वीकृत भई सम्झौता भएका, सञ्चालनमा रहेका, कार्यसम्पन्न भएक साथै कार्यसम्पन्न बमोजिम भूक्तानी समेत भईसकेका आयोजनाहरूलाई स्वीकृत /अनुमोदन गर्ने निर्णय गरियो । साथै देहायका आयोजनाहरूलाई समेत स्वीकृत / अनुमोदन गर्ने निर्णय गरियो ।

<u>देहाय</u>

| क्र.स. | माग गर्ने संस्था / निकाय/ व्यक्ति | विषय | पालिकाबाट प्रदान गरेको / गरिने रकम रु | खर्च शीर्षक (नगर विकास योजना) | कैफियत |
|---|---|---|---|---|---|
| १ | सुनुवार सेवा समाज बेलबारी – ११ | सुनुवार सेवा समाज अधुरो भवन निर्माण | ३,५०,०००।- | ३५९ | |
| २ | एकता मार्ग ग्राभेल लागाउने उपभोक्ता समिति बेलबारी – १० | एकता मार्ग ग्राभेल लागाउने कार्य | ३,२०,०००।- | ३९६ | |

**निर्णय नं. १४:** विद्यालय कर्मचारी र सहयोगीहरु सेवा निवृत्त भएमा जनहि रु. १,००,०००।-का दरले सेवा निबृत्त प्रोत्साहन अनुदान सहयोग उपलब्ध गराउने निर्णय गरियो साथै चालु आ.व. २०७९/०८० को हालसम्म निबृत्त भएका देहायका विद्यालय कर्मचारी तथा सहयोगिहरुलाई जनहि रु. १,००,०००।– कर्मचारी कल्याण कोषबाट सेवा निबृत प्रोत्साहन अनुदान सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

<u>देहाय</u>

| सि.नं. | नाम | पद | विद्यालयको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | शुक्रप्रसाद धमला | कार्यालय सहयोगी | श्री लक्ष्मी मा.वि. बेलबारी - ११ | |
| २ | देवलाल चौधरी | कार्यालय सहयोगी | श्री धनपाल मा.वि. बेलबारी – ५ | |
| ३ | पदम बहादुर थापा | कार्यालय सहयोगी | श्री जनता मा.वि. बेलबारी - १ | |

**निर्णय नं. १५:** वडा कार्यालयबाट न्यायिक समिति (कार्यविधि) सम्बन्धी ऐन २०७५ को दफा ६१ (३) बमोजिम छनौट भएका मेलमिलापकर्ताको नामावली न्यायिक समिति (कार्यविधि) सम्बन्धी ऐन २०७५ को दफा ६१ (४) बमोजिम नगर कार्यपालिकामा अनुमोदनार्थ पेस भएकोमा देहाय बमोजिमका नामावली अनुमोदन गर्ने निर्णय गरियो ।

| सि. नं | नाम | ठेगाना | सम्पर्क नं | कैफियत |
|---|---|---|---|---|
| १. | बल ब. सुब्बा | बेलबारी १ | ९८६२०६३१४५ | |
| २. | चन्द्रकला मगर | बेलबारी १ | ९८४२०७२२२१ | |
| ३. | सन्त बहादुर सिपाली मगर | बेलबारी १ | ९८०३८९७००२ | |
| ४. | सीता कुमारी पोखरेल | बेलबारी २ | ९८०३७४८३०१ | |
| ५. | गोपाल प्रसाद न्यौपाने | बेलबारी २ | ९८४२३४९०३२ | |
| ६. | भागीमाया विशुंखे | बेलबारी २ | ९८४२१८५८११ | |
| ७. | मत्रिकाप्रसाद पराजुली | बेलबारी ३ | ९८४२०६७८०० | |
| ८. | यसोदा लुईटेल | बेलबारी ३ | ९८४२४९५६१५ | |
| ९. | चुडामणी अधिकारी | बेलबारी ३ | ९८०८३९९८८६ | |
| १०. | ईन्द्रकुमारी राई | बेलबारी ४ | | |
| ११. | ईन्द्र तमाङ | बेलबारी ४ | | |
| १२. | दुर्गा कुँवर | बेलबारी ४ | | |

| सि. नं | नाम | ठेगाना | सम्पर्क नं | कैफियत |
|---|---|---|---|---|
| १३. | कृष्ण कुमारी पुन | बेलबारी ५ | | |
| १४. | लोक कुमारी डाँगी | बेलबारी ५ | | |
| १५. | गंगा कुमारी श्रेष्ठ | बेलबारी ५ | ९८१४३३४४६३ | |
| १६. | इन्दिरा गच्छदार | बेलबारी ६ | | |
| १७. | अज्मीकुमार राई | बेलबारी ६ | ९८१६३५२९११ | |
| १८. | मन्जु ढकाल | बेलबारी ६ | | |
| १९. | सजिना दाहाल वस्नेत | बेलबारी ७ | | |
| २०. | गोपीराम कार्की | बेलबारी ७ | | |
| २१. | कल्याण राजवंशी | बेलबारी ७ | | |
| २२. | भवानी प्रसाद गुरुँगाई | बेलबारी ८ | ९८४२५७२५७२ | |
| २३. | भिष्म प्रसाद सुवेदि | बेलबारी ८ | ९८४२४९५६०६ | |
| २४. | उर्मिला खवास | बेलबारी ८ | ९८११०४२५४८ | |
| २५. | दिनेश कार्की के.सी. | बेलबारी ९ | | |
| २६. | मन्जु चौधरी | बेलबारी ९ | | |
| २७. | रिता कोईराला | बेलबारी ९ | | |
| २८. | रामचन्द्र घिमिरे | बेलबारी १० | | |
| २९. | बिन्दु कुमारी कार्की | बेलबारी १० | | |
| ३०. | केवल निरौला | बेलबारी १० | | |
| ३१. | मन्दिरा खत्री | बेलबारी ११ | ९८४२०५६६९९ | |
| ३२. | वद्री प्रसाद अधिकारी | बेलबारी ११ | | |
| ३३. | कमला गौतम | बेलबारी ११ | | |

**निर्णय नं. १६:** भगवती मा.वि.को स्वामित्वमा रहेको कसेनी १ घ कि.नं १६ को जग्गा विघा ०-११-० मध्ये जग्गा विघा ०-८-० नगरपालिकाले पशुहाट बजारको लागि प्रयोग गर्न नगर प्रमखु, उपप्रमुख र विद्यालय व्यवस्थापन पक्ष विच भएको भद्र सहमतिका आधारमा विद्यालयको नाममा रही तारजाली लगाई खेलकुद मैदानको रूपमा प्रयोग गर्ने गरिएको माथि उल्लेखित जग्गा प्रत्येक हप्ताको सोमबार पशुचौपायहरू विक्री प्रयोजनका लागि व्यवसायी तथा पशुपालकहरूले राख्ने गरी नगरपालिकाले पाँच बर्ष सम्मका लागि भाडामा लिने। भाडा वापतको रकम लिने संस्था समेत सार्वजनिक संस्था भएको हुँदा प्रतिहप्ता ३,८४६.५/- का दरले (कर सहित) दिने गरी भाडामा लिने निर्णय गरियो ।

**निर्णय नं. १७:** राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कविर मा.वि. बेलबारी-२, भगवती मा.वि. बेलबारी-३ र महेन्द्र मा.वि. बेलबारी-१० र विरेन्द्र मावि बेलबारी-६ को दुई/चार कोठे भवन निर्माणको लागि अनुदान प्राप्त भएको तर अख्तियारी प्राप्त नभएको अवस्था छ । चालु आ.व. को मध्यसम्ममा पनि अख्तियारी नआउदा आयोजना सञ्चालन र समयमा सम्पन्न गर्न स्वाभाविक रुपमा कठिनाई हुने देखिन्छ तसर्थ अख्तियारी आई नसकेपनि माथि उल्लेखित विद्यालयहरुमा स्वीकृत भएको परिमाण अनुसारको विद्यालयको भवन निर्माण गर्न खरिद प्रकृया अगाडि बढाउने । शैक्षिक सुधार कार्यक्रम अन्तर्गत प्राप्त रकम शिक्षा विभागले स्वीकृत गरेको ड्रइङ/डिजाइन अनुसार कार्य गर्दा गराउदा रकम अपुग हुने देखिन्छ तसर्थ सम्बन्धित विद्यालयले नै स्वीकृत भए अनुसारको भवन स्वीकृत भएको डिजाइन बमोजिम स्वीकृत रकम भित्र निर्माण गरेमा विद्यालयमा अनुदानको रूपमा प्राप्त रकम प्रचलित कानून बमोजिम निकासा छोड्ने । स्वीकृत भए अनुसारको भवन स्वीकृत रकमबाट कार्यसम्पन्न गर्न नसक्ने भई नगरपालिमा विद्यालयले अनुरोध गरेमा नगरपालिकाले e-Bid मार्फत खरिद प्रकृया प्रारम्भ गरी सम्झौता पश्चातका सम्पूर्ण कार्य विद्यालयबाटै सञ्चालन गर्ने गरी फायल पठाउने र सो बापत लाग्ने रकम समेत अनुदानको रुपमा नियमानुसार (थप रकमको हकमा आगामी आ.व. मा उपलब्ध गराउने गरी) निकासा छोड्ने गरी प्रकृया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने साथै कबिर मा.वि. बेलबारी — २ को प्रस्तावित भवन निर्माणका लागि कबिर मन्दिरले आफ्नो जग्गा दिने सहमति पत्र समेत नगरपालिकामा पठाएको हुँदा साविकको भवनको प्राविधिक परीक्षण गरी सो का आधारमा साविकको भवन

भत्काउनु/हटाउनु पर्ने भए विद्यालयले नियमानुसार हटाउने कार्य गरी गराई सो स्थानमा नयाँ भवन निर्माणका लागि ज़ग्गा उपलब्ध गराउने प्रबन्ध गर्ने साथै कविर मा.वि.को साविकको भत्काइने भवनबाट निस्केको सामाग्रीहरु विद्यालयमा आम्दानी बाधी प्रचलित कानून बमोजिम लिलाम बिक्री गर्ने र सो को जानकारी नगरपालिकालाई दिने गरी व्यवस्था गर्ने गराउने निर्णय गरियो ।

निर्णय नं. १८ः विविध ।

क. अनुगमनः- नगरपालिकामा दर्ता भई / नभई सञ्चालनमा रहेका व्यापार व्यवसायहरू र घर नक्सा पास गरी / नगरी निर्माणाधिन संरचनाहरूको वडाहरूले नियमित रूपमा अनुगमन गर्ने र सो को प्रतिवेदन नगरपालिकामा पेस साथै नगरपालिकाले नियमनकारी सरोकारवालाहरूको सहभागितामा प्रत्येक वडामा नियमित / आकस्मिक अनुगमन गर्ने र सोका लागि प्रशासन शाखाले नगर उपप्रमुखज्यू सँग सम्बन्वय गरी आवश्यक प्रवन्ध गर्ने निर्णय गरियो ।

ख. **सहकारी दर्ताः** बेलबारी नगरपालिका वडा नं. ४ मा वेलवृक्ष वचत तथा ऋण सहकारी संस्था दर्ता गरी पाउँ भनि प्रचलित कानुन बमोजिम रित पुर्याई नगरपालिमा आवेदन गरेको सम्बन्धमा सम्बन्धित शाखाले जाँच गरी स्वीकृती/दर्ताका लागि पेस भए बमोजिम वेलवृक्ष वचत तथा ऋण सहकारी संस्थालाई प्रचलित कानुन बमोजिम दर्ता गर्न सम्बन्धित शाखालाई निर्देश गर्ने निर्णय गरियो ।

ग. **स्थायी प्रहरी चौकी सिफारीसः** बेलबारी नगरपालिका वडा नं. ९ स्थित रहेको अस्थायी प्रहरी चौकीको सेवा प्रवाह गर्ने क्षेत्र, वड्दो सामाजिक जटिलता, जनसंख्या लगायतका कारणले चौकीलाई स्थायी गर्नुपर्ने देखिन्छ । तशर्त उल्लेखित अस्थायी प्रहरी चौकी, डाँगिहाटलाई स्थायी प्रहरी चौकीको रूपमा रूपान्तरण गर्न जिल्ला सुरक्षा समिति, जिल्ला प्रहरी कार्यालय र सम्बद्द तालुक निकायमा लेखि पठाउने निर्णय गरियो ।

घ. **ओकेटोकेः** बेलबारी नगरपालिकाको सार्वजनिक सेवा प्रवाह, अनुगमन र विपदका लागि तत्काल प्रतिकार्य गर्न र प्रतिवेदन प्रणालीलाई नियमित, व्यवस्थित र स्वचालित बनाउन दमकल र नगर प्रहरी वलका लागि थान ४ ओकेटोके सूचना प्रकासन गरी खरिद गर्ने निर्णय गरियो ।

ङ. **अध्ययन समितिको प्रतिवेदनः** मिति २०७९।०५।१२ को कार्यपालिका निर्णय नं. ९ बमोजिम "आ.व. २०७८/७९ को मवेशीहाट बेलबारी ३ को राजस्व दाखिला सम्बन्धमा, सोमबारे हाट बेलबारी १ र शुक्रबारे हाट बेलबारी २, आन्तरिक आयका लागि ठेक्का बन्दोबस्त, पूर्वधार उपयोग शूल्क, पार्किङ शूल्क, कबाडी शूल्क र अन्य (भएमा)" अध्ययन क्षेत्र राखि अध्ययनका लागि नगर उपप्रमुखज्यूको संयजकत्वमा समिति गठन भएको । समितिले आफ्नो अध्ययन प्रतिवेदन तयार गर्ने क्रममा मुलत सोमबारे मवेशी र अन्य गरी दुई भागमा अध्ययन गरेको देखिन्छ । आ.व. २०७८/०७९ मा श्रावण देखि असोजसम्म निषेधाज्ञा जारी भएको, पशुको कारोबार तथा अन्य सबैप्रकारका व्यावसायिक कारोबार विगत वर्षको कोरोनाको कारणले ठप्प भएको । स्थानीय सरकार समेतले स्थानीय क्षेत्राधिकारभित्र सो आर्थिक वर्षको सुरूमा साप्ताहिक हाटबजार, व्यावसायिक कारोबार, मानिसहरु भेला जम्मा हुन निषेध गर्ने जस्ता निर्णयहरु गरेबाट पशुहाट प्राय शुन्य भएकोले मिति २०७८/०६/२४ गतेको कार्यपालिकाको बैठकले तोकिएको दररेटमा शुल्क असुल गर्ने गरी निर्णय गरी ज्यालादारीमा मनोज सुवेदीलाई शूल्क संकलन गर्न कार्यदेश दिइदा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९८ को उपनियम ३ को मुल मर्म एक लाख सम्मको काम अमानतबाट सोझै दिन सकिने प्रावधानको सापेक्षतालाई (आय संकलन कार्यमा समेत प्रयोग हुने गरी) आधार मानी कार्यपालिको निर्णयका आधारमा प्रति हाटको सेवा शुल्क असुली कार्य गरेबापत रु. २५०० का दरले हुन आउने रकम दैनिक ज्याला पाउने वा वर्षभरी सम्पूर्ण कार्य गरेवापत बढीमा रु. १,००,०००।— पाउने गरी दैनिक ज्यालादारिमा कामकाज गर्ने गरी जिम्मा दिइएको पाईयो । कोरोना र कोरोना पछिको कालका कारण देशव्यापी रूपमा आर्थिक कारोवार न्यून हुनु, मवेशी हाटबजारमा पश्चिमबाट पशु ल्याउन रोकिनु, स्थानीय स्तरमा गोरू र राँगाद्वारा खेती गर्ने कार्य रोकिनु, सुँगुरहरू सिक्किम तथा भुटान निर्यातहुन रोकिनु, ग्रामिण क्षेत्रमा रैथाने जाती पशुपालन न्यून हुनु, विकासे प्रजातीका पशुहरू घरबाटै विक्री हुनु, पहाडी क्षेत्रबाट आउने पशुहरू व्यवस्थित हाट दमक र बाङ्गेमा सिफ्ट हुनु, हाट बजार लाग्ने स्थान क्रमस संकुचित हुँदै जानु, विद्यालयले हाट बजारको क्षेत्र मिच्नु, हाट बजार लाग्ने स्थानमा नै अव्यवस्थित र अनियन्त्रित पशूबधशालाहरू हुन जस्ता कारणले कोरोनाकाल पछी पशुबाजारमा पशुहरू विक्री वितरण गर्न ल्याउने र कारोवार न्यून भएको देखिन्छ । यस्तो अवस्थामा नगरपालिकाले ज्यालाजारीमा रकम संकलनका लागि नीज मनोज सुवेदीलाई खटाई रकम संकलन गरेको देखिन्छ । उल्लेखित सन्दर्भमा सरोकारवाला कर्मचारीहरूलाई गरिएको लिखित सोधपुछबाट उल्लेखित कार्य के कसरी भईरहेको थियो भन्ने सुचना र प्रतिवेदन अधिकार प्राप्त अधिकारीलाई जानकारी नगराएको पाईयो। साथै उल्लेखित कार्यका लागि नगरपालिकाबाट जारी भएको रसिदको अभिलेख र प्राप्त रकमको अभिलेख मिलान भएको कार्यालयको अभिलेख बाट देखिन्छ भन्ने मुल आशय सहितको व्यहोरा प्रतिवेदनमा उल्लेख छ । प्रतिवेदनको मुल अंश, समस्याहरू र समस्या समाधानका उपायहरूका आधारमा अव आईन्दा देहाय बमोजिम गर्ने गराउने गरी कार्यालयलाई निर्देश गर्ने निर्णय गरियो ।

<u>देहाय</u>

- नगरपालिकाले आय संकलनको सम्बन्धमा छुट्टै व्यवस्थित र व्यवहारीक कानुन निर्माण गर्ने ।
- प्रत्येक वर्ष जारी हुने आर्थिक ऐनमा यस प्रकारका अवस्थाको सम्बन्धमा छुट, सुविधा, लाभ वितरण र लगानी सम्बन्धमा स्पष्ट व्यवस्था गर्ने ।
- अव आईन्दा कार्यकारी निर्णयबाट नभई व्यवस्थित कानुनबाट आन्तरिक स्रोत व्यवस्थापन गर्ने ।
- भरपर्दो, व्यवस्थित र स्वचालित संस्थागत संस्मरण प्रणालिको विकास गर्ने जसले गर्दा आर्थिक वर्षको विचमा सरूवा भई आउने लेखा उत्तरदायी अधिकारीले यस प्रकारका विषयमा जानकारी पाउन सक्ने संस्थागत प्रवन्ध मिलाउने ।
- विद्यालयले मिचेको क्षेत्र छुट्याउने ।
- विद्यालयले प्रयोग गरिरहेको खेलकुद मैदानलाई भाडामा लिई प्रयोग गर्ने ।
- दिगो आन्तरिक अनुमानयोग्य स्रोतका लागि दिगो र व्यवस्थित लगानी गर्ने ।
- बहुवर्षिय ठेक्का प्रणालीको विकास गर्ने ।
- मवेशीहाटको बारेमा प्रचार प्रसार गर्ने ।
- परिवर्तन भएर आउने पदाधिकारी / अधिकारीहरूलाई स्वचालित रूपमा अनिवार्य जानकारीहुने पद्दतिको विकास गर्ने ।
- जिम्मेवार शाखा / फाँट र कर्मचारीलाई तालिम दिई सञ्चार र प्रतिवेदन प्रणालीलाई व्यवस्थित, स्वचालित र व्यवहारिक बनाउन क्षमता अभिवृद्दि गर्ने ।
- प्रत्येक वर्ष राजस्व सम्भाव्यता अध्ययन गरी सो का आधारमा राजस्व प्रक्षपण गरी गराई प्रतिस्पर्धाका आधारमा आन्तरिक स्रोतको संकलन तथा व्यवस्थापन गर्ने ।
- ज्यालादारी, अमानत लगायतका राजस्व संकलनका विधिहरू नअपनाई समयमा नै प्रतिस्पर्धाद्वारा आय ठेक्का बन्दोबस्त गर्ने प्रबन्ध कार्यायले गर्ने ।
- कार्यालयलाई दिईएका माथि उल्लेखित निर्देशन/सुझाबहरू बमोजिम नगर कार्यपालिकाले समेत कार्य गर्ने ।

च. **नगर अस्पताल फार्मेसीः** बेलबारी नगर अस्पतालमा फार्मेसी सञ्चालनका लागि ठेक्का आवह्यान गरिएकोमा रित पूर्वक तोकिएको अवधिभित्र परेका आय बोलपत्रहरूको रित पूर्वक मुल्याङ्कन गर्दा श्री शुभकिरण मेडिको, दमकको सारभुत रूपमा प्रभावग्राही भई सबै भन्दा बढी रकम कबोल रकम रु २५,००,०१२/- अक्षरेपी पच्चिस लाख बाह्र रूपैया मात्र गरेको र निज फर्म/व्यवसायलाई सम्झौताका लागि पत्रचार गरिएकोमा तोकिएको समयभित्र कबोल अंकको ४० प्रतिशतले हुन आउने रकम रू दश लाख पाँच रूपैया मात्र सम्झौताका लागि पेश गरेको र बाँकी ६० प्रतिशतले हुन आउने रकमको बैंक ग्यारेन्टि २०७९।१०।०६ गतेभित्र ल्याउने गरी निवेदनमा उल्लेख गरेको सम्बन्धमा नगर प्रमुखमा कार्यपालिकामा पेस गर्ने आदेश बमोजिम सो सम्बन्धमा देहाय बमोजिमको कार्य गर्ने/ गराउने गरी कार्य अघि बढाउन कार्यालयलाई निर्देश गर्ने निर्णय गरियो ।

<u>देहाय</u>

क. बाँकी ६० प्रतिशत बैंक जमानत नबुझाउँदा सम्मका लागि अस्थायी कार्यदेश गरी कार्य सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

छ. **सुकुम्वासी भवन स्थानान्तरण अनुदान सहयोगः** यस नगरपालिका वडा नं. ५ मा रहेका मुलत मुसहर समुदायको बमोबास रहेको क्षेत्रको विचबाट निर्वाचन क्षेत्र रणनीतिक सडक निर्माण हुने गरी प्रस्ताब भएको छ । विगत लामो समय देखि यस क्षेत्रमा बसोबास गर्दै आएका सुकुम्बासीहरूको बस्तीको विचबाट सडक जाने र ११ घरलाई पूर्ण रूपमा विस्थापन गर्नुपर्ने हुन्छ । सुकुम्बासी समस्या समाधान आयोगले उल्लेखित ११ घरका नागरिकहरूलाई यसै स्थानमा पुर्जा दिने गरी कार्य अघी बढाएको अवस्था रहेको छ । प्रस्ताविक क्षेत्रबाट रणनीतिक सडक जाँदा मुलत मुसहर समुदायका घरहरू भत्किई विस्तापित हुने र आयोगतबाट जग्गा धनि पुर्जा पाउन समेत बञ्चित हुने अवस्था छ । रणनीतिक सडक निर्माण/विस्तारका लागि घर जग्गा व्यवस्थापन गरिदिनु स्थानीय सकारकको दायित्व हुन आउछ भने सुकुम्बासीहरूलाई ओतको प्रवन्ध गर्ने सम्बैधानीक दायित्वबाट पनि पालिका विमुख हुने अवस्था छैन । तशर्थ उल्लेखित सम्बन्धमा विस्थापित हुने ११ घरधुरीको विषयमा देहाय बमोजिम गर्ने / गराउने निर्णय गरीयो ।

<u>देहाय</u>

१. सडक निर्माण हुने क्षेत्रमा पर्ने घरहरू लगत वडा कार्यालयले लिने ।
२. वडाले लिएको लगत र निर्माण क्षेत्र सम्बन्धमा नगरपालिकाले सडक निर्माण पक्षसँग समन्वय गरी एकिन गर्ने ।
३. वडाले भत्किन सक्ने घरहरूको घनधनीको अवस्थाको सम्बन्धमा स्थलगत अध्ययन गरी निजहरू सुकुम्बासी भए नभएको एकिन गर्ने ।
४. एकिन भएका सुकुम्बासीका विस्तापित हुने घर परिवारलाई वैकल्पिक प्रवन्धका लागि वडाले समन्वय गर्ने ।

५. वडाले समन्वय गरेको स्थानमा विस्तापित हुने सुकुम्बासीहरूलाई प्रतिस्थापन गर्न प्रतिघर रू २७५००/- नगरपालिकाबाट अनुदान सहयोग गराउने ।

६. यस प्रकारको अनुदान वडाको सिफारिसमा सम्बन्धित घरमुलीको बैंक खातामा नगरपालिकाले भुक्तान गर्ने ।

७. उल्लेखित कार्यका लागि स्रोतको रूपमा मुसहर समुदायका लागि विनियोजन भएको नगर विकास योजना शिर्षक नं. ३ बाट बेहोर्ने ।

विस्तापित हुन सक्ने सम्भाव्य सुकुम्बासीको नाम र ठेगाना

| क.स. | सुकुम्बासी परिवारको घरमुलीको नाम | परिवार संख्या | ठेगाना | कैफितय |
|---|---|---|---|---|
| १ | श्याम कुमार सरदर | ४ | बेलबारी ५ | |
| २ | शालिकग्राम खवास | ३ | बेलबारी ५ | |
| ३ | राज कुमार खवास | ३ | बेलबारी ५ | |
| ४ | वंशी सरदार | २ | बेलबारी ५ | |
| ५ | गंगाराम ऋषिदेव | ४ | बेलबारी ५ | |
| ६ | सोमना ऋषिदेव | ३ | बेलबारी ५ | |
| ७ | शिवे ऋषिदेव | २ | बेलबारी ५ | |
| ८ | पारो ऋषिदेव | २ | बेलबारी ५ | |
| ९ | फागु ऋषिदेव | ५ | बेलबारी ५ | |
| १० | अनद ऋषिदेव | २ | बेलबारी ५ | |
| ११ | बल्लु ऋषिदेव | ५ | बेलबारी ५ | |

ज. **पार्कीङ व्यवस्थापनः** नगरपालिकाले मुल बजार क्षेत्रलाई लक्षित गरी मालपोत कार्यालय बेलबारीको ५०० मिटर परिधि भित्र पार्किङका लागि जग्गा व्यवस्थापन गरी ठेकेदार पक्षलाई उल्लेखित स्थानमा नै पार्किङ गर्ने/गराउने प्रवन्ध गर्न निर्देश गर्ने र सो को लागि आवश्यक पर्ने जमिनका लागि प्रतिकठ्ठा वढीमा रकम पाँच हजारका दरले भडा हुने गरी खरिद कार्य अघाडी बढाउने निर्णय गरियो ।

झ. **विशेषज्ञ सेवा :** नगरपालिकाको सूचनाका आधारमा बेलबारी नगर अस्पतालबाट विशेषज्ञ सेवा प्रवाह गर्नका लागि (PPP मा) सार्वजनिक सूचना प्रकाशन गरिएकोमा उक्त अवधि भित्र रितपूर्वक पेस भएका आवेदनहरुको पक्षहरुसँग नगर प्रमुख /उपप्रमुख ज्यूहरुसमेतको समुउपस्थितमा छलफल हुँदा बिराट टिचिङ अस्पताल र यस पालिका बिच देहायका विषयहरुमा सहकार्य गर्ने निर्णय भएकोहुँदा बिराट मेडिकल कलेजसँग समन्वय गरी सेवा प्रवाह प्रारम्भ गर्न कार्यालयलाई निर्देश गर्ने निर्णय गरियो ।

देहाय

१. दुवै पक्षको सहकार्यमा स्वास्थ्य सेवा उपलब्ध गराउने ।
२. सेवा प्रवाहको स्थान बेलबारी नगर अस्पताल वा नगरपालिकाले तोके बमोजिमको क्षेत्र हुने ।
३. प्रत्येक दिन कम्तिमा १ जना विशेषज्ञ चिकित्सक सेवा बिराट मेडिकल कलेजले उपलब्ध गराउने ।
४. विशेषज्ञ चिकित्सकले चेक जाँच गरे बापत विमा भएका नागरिकको हकमा बिमाले दिने सुविधा सरह सेवा शुल्क लिने साथै विमा नभएका नागरिकको हकमा प्रति विरामी जाँच रु. २००।— सेवा ग्राहिबाट लिई सोहि रकम उपलब्ध गराउने ।
५. विशेषज्ञ चिकित्सकहरु सेवा प्रवाहका लागि आउदा खाजा र खाना बेलबारी नगर अस्पतालले छुट्टै अभिलेख राखी प्रबन्ध मिलाउने ।
६. विशेषज्ञ चिकित्सकले ल्याव सेवा बापत सेवा शुल्क नलिने ।
७. अन्य विषय आपसि सहमती अनुसार हुने ।

ञ. **विधुतिय सवारी साधनः** नगरसभाबाट एक थान नगर बस र केही थान स्कुटर खरिद गर्नका लागि विनियोजन भएको रकमबाट विधुतिय सवारी साधन खरिद गर्नुपर्ने भएकाले नगरपालिकाका ईन्जिनियर बालकृष्ण निरौलाको संयजकत्वमा एक जना मेकानिकल ईन्जिनियर र एक जना ईलेक्ट्रिकल ईन्जिनियर समेत रहेको समिति गठन गरी सो सम्बन्धमा के कस्तो र कुन मोडलको सवारी साधन खरिद गर्ने सो सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेस गर्ने गरी समिति गठन गर्ने निर्णय गरियो । समितिको कार्य अवधि एक महिनाको हुनेछ ।

ट. **सुरक्षा ईकाईहरूलाई ईन्धन सहयोगः** साबिक देखि बेलबारी क्षेत्र भित्रका र बेलबारीलाई कार्यक्षेत्र बनाई सुरक्षा र सुरक्षा सम्बन्धि सेवा कार्य गर्ने सुरक्षा ईकाईहरूलाई देहाय बमोजिम मासिक ईन्धन उपलब्ध गराउँदै आएकोमा सोलाई स्वीकृत/अनुमोदन गर्ने निर्णय गरियो ।

देहाय

| क्र.स. | सुरक्षा ईकाईको नाम | प्रदान गरिने मासिक ईन्धन (लि) | | मर्मत | कैफियत |
|---|---|---|---|---|---|
| | | पेट्रोल | डिजेल | | |
| १. | ईलाका प्रहरी कार्यालय, बेलबारी | २० | २०० | मागका आधारमा नगरपालिकाले मर्मत गर्ने गरेको । | दशैं, तिहार, निर्वाचन तथा अन्य विपद लगायतका विषेश अवस्थामा थप दिने गरिएको । अभिलेख राखि दिने । |
| २. | अस्थायी प्रहरी कार्यालय, भाउन्ने | ३० | ०० | | |
| ३. | अस्थायी प्रहरी कार्यालय, डाँगिहाट | ३० | ०० | | अस्थायी प्रहरी कार्यालय, डाँगिहाटको मासिक भाडा तथा मासिक धारा, पानि, विजुली रकम भुक्तानी हुँदै गरेको । |
| ४. | अस्थायी प्रहरी कार्यालय, बाहुनी | ३० | ०० | | |
| ५. | सशस्त्र प्रहरी वल नेपाल, लक्ष्मिमार्ग | २० | २०० | | |
| ६. | सशस्त्र प्रहरी वल नेपाल, बाहुनी | २० | १५० | | अस्थायी ट्राफिक प्रहरी, बेलबारीको मासिक धारा, पानि, विजुलीको विल बमोजिमको रकम भुक्तानी हुँदै गरेको । |
| ७. | अस्थायी ट्राफिक प्रहरी, बेलबारी | ३० | ०० | | |
| ८. | राष्ट्रिय अनुसन्धान विभाग | १० | ०० | | |

ठ. **कर्मचारीलाई ईन्धन तथा मर्मत सुविधाः** नगर प्रमुख स्तरिय निर्णय बमोजिम नगरपालिकाका कर्मचारीहरूलाई दिईदै देहाय बमोजिमको मासिक ईन्धन तथा मर्मत सुविधालाई स्वीकृत / अनुमोदन गर्ने निर्णय गरीयो ।

देहाय

| क्र.स. | पद | ईन्धन सुविधा (लि) | मर्मत सुविधा वार्षिक रकम रु | कैफियत |
|---|---|---|---|---|
| १. | अधिकृत स्तर दशौं | ५० | २०,०००/- | वढीमा २ पटकका लागि |
| २. | अधिकृत स्तर आठौं | १० | ५,०००/- | वढीमा १ पटकका लागि |
| ३. | मेडिकल अधिकृत | ५० | ..... | ...... |
| ४. | अधिकृतस्तर छैठौं | १० | ५,०००/- | वढीमा १ पटकका लागि |
| ५. | ईन्जिनियर लगायतका प्राविधिक कर्मचारी | न्यूनतम १५ लि देखि आवश्यकताका आधारमा प्रदान गर्न सकिने । | २०,०००/- | वढीमा २ पटकका लागि |
| ६. | सहायकस्तर पाचौं | १० | ५,०००/- | वढीमा १ पटकका लागि |
| ७. | सहायकस्तर चौथो | १० | ५,०००/- | वढीमा १ पटकका लागि |
| ८. | कार्यालय सहयोगी | १० | ५,०००/- | वढीमा १ पटकका लागि |

ड. **बेलबारी नगर अस्पतालः** बेलबारी नगर अस्पतालमा २४ घण्टा सेवा तथा विषेसज्ञ सेवा संचालन गर्नका लागि भवन अपुग भएको हुँदा बेलबारी नगरपालिका वडा नं. १ निवासी श्री गोपाल सुवेदीको पत्नी श्री उत्तरा सुवेदीसँग रितपूर्वक मासिक कर सहितको रकम रू २५,०००/- अक्षरेपी पच्चिस हजारका दरले भाडामा लिईएकोमा सो लाई स्वीकृत / अनुमोदन गर्ने साथै सो का लागि हुने खर्च नगर अस्पातालबाटै बेहोर्ने निर्णय गरियो ।

ढ. **परामर्श सेवा सम्बन्धि नम्स तथा दररेटः** देहायका परामर्श सेवाका (पेसागत सेवा) को लागत अनुमान सार्वजनिक खरिद नियमावली २०६४ को निमय १२ को उपनियम २ (क) बमोजिम प्राप्त भएमा सोही बमोजिम गर्ने र सो प्राप्त नभएमा मन्त्रालयहरू / विभागहरू / तालुक निकायहरूले परामर्श सेवा को कार्य गर्नका लागि स्वीकृत गरेको नम्सलाई आधारमानी सम्बन्धित निकायले स्वीकृत गरेको निर्णयका आधारमा लागत अनुमान तयार गरी स्वीकृत गर्ने । सार्वजनिक निकायले नम्स स्वीकृत गरेको नगरपाईमा मन्त्रालय/विभाग/तालुक निकायले स्वीकृत गरेको परामर्श सेवा सम्बन्धि दररेट, ToR मा उल्लिखित शर्त बमोजिम हुन आउने दररेट र अन्य निकायको दररेटलाई आधारमा मानि देहाय बमोजिम औषत दररेट कायम गरी सो मा १० प्रतिशत घटाई देहायका कार्यहरूलाई हुने गरी लागत अनुमान स्वीकृत गर्ने निर्णय गरियो ।

देहाय

१. संचार क्षेत्रको कार्यक्रम (रेडियो/ टेलिभिजन/ भिडियो छायङ्कन)
२. डिजिटाईजेसन, सफ्टेवर विकास / मर्मत
३. भवनको विस्तृत परियोजना प्रस्ताव/प्रारम्भिक वातावरणिय परीक्षण
४. खेलमैदान, गेट, सौन्दर्यीकरण/औधोकिरण
५. उद्यान, पिकनिक क्षेत्र, सवदाहा स्थल/ वसपार्क/ हाटबजार स्थल
६. स्वास्थ्य र सरसफाई फोहोरमैला व्यवस्थापन सम्बन्धित / जैविक मल उत्पादनसँग सम्बन्धित
७. सिविर सञ्चालन सम्बन्धि
८. एक महिना भन्दा लामो तालिम (अनलाईन/अफलाईन)
९. वैकल्पिक उर्जा प्रवर्धनसँग सम्बन्धित/विपद व्यवस्थापन सम्बन्धित

| सि.नं. | आवश्यक जनशक्ति | शहरी विकास तथा भवन निर्माण विभाग | भौतिक पूर्वाधार तथा यातायात विकास मन्त्रालयको दररेट | स्थानीय पूर्वाधार विभाग | | | TOR को आधारमा | | | | | कुल जम्मा | औषत | १० प्रतिशत छुट पश्चात हुन आउने रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा प्रति महिना | जम्मा प्रति महिना | आधारभूत तलबमान | गुणन गर्ने ईकाई | जम्मा प्रति महिना | आधारभूत तलबमान | ग्रेड | ग्रेड रकम | ग्रेडको जम्मा | जम्मा प्रति महिना | | | |
| **Key Personnel** | | | | | | | | | | | | | | |
| K – 1 | Team Leader / Urban Planner | ११०५५० | ११०००० | ४९३८० | २ | ९८७६० | ४९३८० | ६ | १६४६ | ९८७६ | ५९२५६ | ३०८५६६ | ९४६४१.५ | ८५१७७.३५ |
| K – 2 | GIS Exert | ७१९८० | ७०००० | ३७९९० | २ | ७५९८० | ३७९९० | ४ | १२६७ | ५०६८ | ४३०५८ | २६१०१८ | ६५२५४.५ | ५८७२९.०५ |
| K – 3 | Geomatic Engineer / Surveyor | ७१९८० | ७०००० | ३७९९० | २ | ७५९८० | ३७९९० | ४ | १२६७ | ५०६८ | ४३०५८ | २६१०१८ | ६५२५४.५ | ५८७२९.०५ |
| K – 4 | Sociologist | ७१९८० | ७०००० | ३७९९० | २ | ७५९८० | ३७९९० | ४ | १२६७ | ५०६८ | ४३०५८ | २६१०१८ | ६५२५४.५ | ५८७२९.०५ |
| K – 5 | Economist | ७१९८० | ७०००० | ३७९९० | २ | ७५९८० | ३७९९० | ४ | १२६७ | ५०६८ | ४३०५८ | २६१०१८ | ६५२५४.५ | ५८७२९.०५ |
| K – 6 | Environmental Expert / DRR Expert / Natural Resource Manager | ७१९८० | ७०००० | ३७९९० | २ | ७५९८० | ३७९९० | ४ | १२६७ | ५०६८ | ४३०५८ | २६१०१८ | ६५२५४.५ | ५८७२९.०५ |
| K – 7 | Civil Engineer | ७१९८० | ७०००० | ३७९९० | २ | ७५९८० | ३७९९० | ४ | १२६७ | ५०६८ | ४३०५८ | २६१०१८ | ६५२५४.५ | ५८७२९.०५ |
| **Support Personnel** | | | | | | | | | | | | | | |
| NK – 1 | GIS Operator / Digitizer | ६५८०० | ५०००० | ३०२०० | २ | ६०४०० | ३०२०० | २ | १००७ | २०१४ | ३२२१४ | २०८४१४ | ५२१०३.५ | ० |
| NK – 2 | Sub – Engineer (Civil) / Junior Surveyor | ६५८०० | ५०००० | ३०२०० | २ | ६०४०० | ३०२०० | २ | १००७ | २०१४ | ३२२१४ | २०८४१४ | ५२१०३.५ | ४६८९३.१५ |
| NK – 3 | Computer Operator | ६५८०० | ५०००० | ३०२०० | २ | ६०४०० | ३०२०० | ० | ० | ० | ३०२०० | २०६४०० | ५१६०० | ४६८९३.१५ |
| | | | | | | | | | | | | | | ४६४४० |

ण. बेलबारी नगरपालिका भित्र बसोबास गर्ने धेरै नागरिकहरू सनातन हिन्दु धर्ममा आस्था राख्ने प्रकृतिका रहेका छन् । उक्त धर्ममा मृत्यु पश्चात शवलाई खोलामा लगि अव्यवस्थित ढङ्गले शवदाहा गर्ने चलन हाल सम्म चल्दै आएको छ । बेलबारी नगरपालिका भित्रका खोलाहरूमा व्यवस्थित शवदाहा घाट नभएकोले लोहन्द्रा खोला र चिसाङ खोलामा बेलबारी नगरपालिका तर्फ शवदाहास्थल निर्माण नगरी नहुने अवस्था रहेको छ । संघीय/प्रदेश सरकारबाट आ.व. २०८०/८१ मा समपुरक तथा विषेश अनुदान अन्तर्गत प्रस्ताब पेस गर्नका लागि विस्तृत परियोजना प्रस्ताव आवश्यक पर्ने भएकाले नगर प्रमुख / उपप्रमुख स्तरबाट स्वीकृत भई २ वटा विस्तृत परियोजना प्रस्ताब तयारीका लागि सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७२ बमोजिम परामर्श सेवा खरिद गरी कार्य अघी बढाईएकोमा सो लाई स्वीकृत /अनुमोदन गरी सो का लागि नगर विकास योजना शिर्षक नं. ३६७ पुँजिगत अनुसन्धान परामर्श खर्च गर्ने निर्णय गरियो ।

त. उत्तर तर्फ केराबारी, धनकुटा राजारानी, लेटाङ र दक्षिण तर्फ कसेनी, रंगेली र विराटनगरसम्म जाने बेलबारी नगरबाट स्थानीय सार्वजनिक सवारी साधनहरू सञ्चालन हुँदै आहिरका छन् । बढ्दो सहरीकरण, बढ्दै औद्योगिकरण, नगरपालिकाको दक्षिण तर्फ बढ्दो कृषि अर्थतन्त्रका उपजहरूको आवतजावत तथा उत्तर तर्फका माथि उल्लेखित स्थानहरू क्रमस पर्यटकिय गन्तब्यहरू बन्दै गहिरेका छन् । बेलबारी नगरक्षेत्र र वाह्य क्षेत्रबाट आउने सवारीसाधनहरू बेलबारी नगरपालिकाबाट उल्लेखित स्थान दैनिक रूपमा सञ्चालन हुने गरेका छन् । सवारी साधनहरू सञ्चालन भए पनि व्यवस्थित वसपार्कको अभाव रहेको छ । बेलबारी नगरपालिका वडा नं. १ मा वसपार्क निर्माणका लागि नगरपालिका नाममा जग्गा समेत प्राप्त भई सकेको अवस्था छ । संघीय/प्रदेश सरकारबाट आ.व. २०८०/८१ मा समपुरक तथा विषेश अनुदान अन्तर्गत प्रस्ताब पेस गर्नका लागि विस्तृत परियोजना प्रस्ताव आवश्यक पर्ने भएकाले नगर प्रमुख / उपप्रमुख स्तरबाट स्वीकृत भई विस्तृत परियोजना प्रस्ताब तयारीका लागि सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७२ बमोजिम परामर्श सेवा खरिद गरी कार्य अघी बढाईएकोमा सो लाई स्वीकृत /अनुमोदन गरी सो का लागि नगर विकास योजना शिर्षक नं. ३६७ पुँजिगत अनुसन्धान परामर्श खर्च गर्ने निर्णय गरियो ।

थ. चालु आ.व. २०७९/८० का लागि फोहोरमैला व्यवस्थापन शिर्षकमा रकम रू १५,००,०००/- अक्षरेपी पन्ध्र लाख मात्र विनियोजन भएको र फोहोरमैला व्यवस्थापनको कार्य सार्वजनिक नीजि साझेदारीमा दिने प्रकृयामा खरिद चरणमै रहेको हुँदा हाललाई नपुग हुने देखिन्छ । तशर्थ फोहोरमैला व्यवस्थापन शिर्षकमा खर्च गर्ने भैपरी आउने चालु शिर्षकबाट रकम रू १५,००,०००/- अक्षरेपी पन्ध्र लाख मात्र रकमान्तर गर्ने निर्णय गरियो ।